# प्रदेश युवा परिषद्को उपाध्यक्ष सिफारिस सम्वन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः**

बागमती प्रदेशले जारी गरेको प्रदेश युवा परिषद् ऐन, २०७६ र प्रदेश युवा परिषद् नियमावली, २०७७ बमोजिम स्थापना हुने प्रदेश युवा परिषद्को उपाध्यक्ष नियुक्ति गर्नका लागि गठन भएको सिफारिस समितिले सिफारिस प्रक्रियालाई व्यवस्थित एवम् पारदर्शी बनाई उपयुक्त उम्मेदवारको छनौट गर्न सहज होस् भन्ने उदेश्यका साथ सिफारिस समितिको मिति २०७७।०४।२४ को वैठकबाट यो कार्यविधि स्वीकृत गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

१) यस कार्यविधिको नाम " प्रदेश युवा परिषद्को उपाध्यक्ष सिफारिस कार्यविधि, २०७७" रहेको छ ।

२) यो कार्यविधि सिफारिस अवधिसम्म कायम रहनेछ ।

## २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "उम्मेदवार" भन्नाले उपाध्यक्ष पदमा सिफारिसका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजातहरु पेश गरेको व्यक्तिलाई सम्झनु पर्दछ।

ख) "कार्ययोजना" भन्नाले प्रदेश युवा परिषद्को उपाध्यक्ष पदका उम्मेदवारले प्रदेशका युवाहरुको हक, हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरण गरी शिक्षा, सिप, उद्यशीलतामा र रोजगारीमा युवाहरुको भूमिका र योगदानलाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश र राष्ट्रको निर्माणमा नीति निर्माण देखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश र राष्ट्र विकासको मूल प्रवाहमा युवालाई समावेश गर्ने सम्वन्धमा पेश गरेको अवधारणा पत्र सम्झनु पर्दछ।

ग) "तोकिएको समय" भन्नाले उपाध्यक्षका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजातहरु पेश गर्न तोकिएको अन्तिम मिति सम्झनु पर्दछ ।

घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्दछ ।

ङ) "सिफारिस समिति" भन्नाले प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा ८ को उपदफा (२) बमोजिम गठन भएको सिफारिस समिति सम्झनु पर्दछ ।

**३. <u>बैठक सम्वन्धी व्यवस्थाः</u>**

१) सिफरिस समितिको बैठक अध्यक्षले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ ।
२) समितिको वैठकबाट स्वीकृत कार्यविधिअनुसार सिफारिस समितिले आफ्नो कार्य सम्पादन गर्नेछ ।
३) समितिले आवश्यकतानुसार सम्वन्धित विषयवस्तुको ज्ञातालाई बैठकमा आमन्त्रण गर्न वा कुनै कामको लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ।

**४. <u>कार्ययोजना सहित को निवेदन माग गर्ने सम्वन्धी व्यवस्थाः</u>**

१) प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा ८ को उपदफा (३) बमोजिम योग्यता पुगेका इच्छुक आवेदकहरुबाट यस कार्यविधिको अनुसूचि १ बमोजिमको कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु पेश गर्न ७ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछ र उक्त सूचनालाई मन्त्रालयको वेभसाइटमा प्रकाशन गरिनेछ ।
२) इच्छुक उम्मेदवारले तोकिएको म्यादभित्र आफ्नो कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु मन्त्रालयको युवा तथा खेलकुद महाशाखामा दर्ता गराउनुपर्नेछ ।
३) कुनै उम्मेदवारले आफै मन्त्रालयमा उपस्थित हुन नसकेमा मन्त्रालयको इमेल ठेगाना p3mosd@gmail.com र mosd@bagamati.gov.np मा कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु pdf फाइल बनाई पेश गर्न सक्नेछ।

**५. <u>कार्ययोजनाको अध्ययनः</u>**

१) तोकिएको समयभित्र प्राप्त भएका कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरुको समितिले गहनरुपमा अध्ययन गर्नेछ ।
२) प्राप्त भएका कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरुको अध्ययन गर्दा समितिले प्रदेशका युवाहरुको हक, हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरण गरी शिक्षा, सिप, उद्यशीलतामा र रोजगारीमा युवाहरुको भूमिका र योगदानलाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश र राष्ट्रको निर्माणमा नीति निर्माण देखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश र राष्ट्र विकासको मूल प्रवाहमा युवालाई समावेश गर्नका लागि विशेष नेतृत्व लिन सक्ने अवधारणागत पक्षलाई आधार लिइनेछ ।

३) उपदफा २ अनुसार कार्ययोजना अध्ययन गर्दा समितिले कुनै उम्मेदवारसँग थप स्पष्ट हुन चाहेमा सिफारिस समितिको बैठकमा उपस्थित गराई थप छलफल गर्न सक्नेछ । तर कार्ययोजनामा समावेश नभएको बिषयमा थप छलफल गरिने छैन।

६. **<u>सिफारिसम्बन्धी व्यवस्थाः</u>**

१) सिफारिस समितिमा प्राप्त भएका कार्ययोजनासहितको निवेदन र आवश्यक कागजातहरुको आधारमा सबै उम्मेदवारहरुको मूल्याङ्कन गरी सो मध्येबाट छनौट भएका उत्कृष्ट तीन जना उम्मेदवारहरु मध्येबाट प्रदेश युवा परिषद्को उपाध्यक्षमा एक जनालाई नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस समितिले तीन जना उम्मेदवारहरुको नाम सामाजिक विकास मन्त्रि समक्ष सिफारिस गर्नेछ ।

७. **<u>बाधा अड्काउ फुकाउनेः</u>**

१) सार्वजनिक सूचना आव्हान गर्दा आवश्यक निवेदन नपरेमा वा प्राप्त भएका निवेदनहरु पनि अयोग्य भएमा पुनः अर्को सूचना आव्हान गरिनेछ।

२) दोस्रो पटक सूचना आव्हान गर्दा पनि आवश्यक सङ्ख्यामा निवेदन नपरेमा वा परेका निवेदनहरु पनि योग्य नभएमा तेस्रो पटक तिन दिनको सूचना दिएर पुनः निवेदन आव्हान गर्न सकिनेछ ।

३) यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु यसै बमोजिम र अन्यमा प्रदेश युवा परिषद् सम्वन्धी ऐन र नियमाली बमोजिम हुनेछ ।

४) सिफारिस सम्वन्धी कार्य सम्पादन गर्दा समितिले आवश्यकता अनुसार यस कार्यविधिको व्याख्या गर्ने तथा अन्य उपयुक्त निर्णय गरी कार्यसम्पादन गर्न सक्नेछ।

## अनुसूची १

## उम्मेदवारले पेश गर्नुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु

१. निवदेन

२. वैयक्तिक विवरण (CURRICULUM VITAE)

३. कार्ययोजना (प्रदेशका युवाहरुको हक, हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरण गरी शिक्षा, सिप, उद्यशीलतामा र रोजगारीमा युवाहरुको भूमिका र योगदानलाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश र राष्ट्रको निर्माणमा नीति निर्माण देखि कार्यान्वयन तहसम्म युवाहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश र राष्ट्र विकासको मूल प्रवाहमा युवालाई समावेश गर्ने सम्वन्धमा कम्तिमा २५०० देखि बढीमा ३००० शब्द सम्म)

४. कार्ययोजनाकासाथ पेश गर्नुपर्ने कागजात

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

ग) ४० वर्ष उमेर ननाघेको

घ) युवाको हक, हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणको क्षेत्रमा कम्तिमा पाँच वर्षको कार्य अनुभव सम्वन्धमा सम्वन्धित संस्थाबाट प्रमाणित कागजात

ङ) युवा सम्वन्धी क्षेत्रमा हाल काम गरिरहेको संस्थाबाट प्रमाणित कागजात

च) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व घोषणा पत्र ।